## संविधानसभा

## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति



# प्रतिवेदन

**२०७१**


**संविधानसभा सचिवालय, सिंहदरबार, काठमाण्डौं, नेपाल**

**फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,**

**URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com,**

**Facebook:- http://facebook.com/ccpd.committee.ca**

# संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

**सभापति**

मा० डा० बाबुराम भट्टराई

| क्र.सं. | नाम, थर | क्र.सं. | नाम, थर |
|---|---|---|---|
| १ | मा० श्री अर्जुननरसिं के.सी. | ३६ | मा० श्री बिश्वेन्द्र पासवान |
| २ | मा० श्री अतहर कमाल मुसलमान | ३७ | मा० श्री भीष्मराज आङदेम्बे |
| ३ | मा० डा० अमरेशकुमार सिंह | ३८ | मा० श्री महिन्द्रराय यादव |
| ४ | मा० श्री अशोककुमार राई | ३९ | मा० श्री महिन लिम्बु |
| ५ | मा० श्री आनन्दप्रसाद ढुँगाना | ४० | मा० श्री महेश आचार्य |
| ६ | मा० श्री उपेन्द्र यादव | ४१ | मा० श्री माधव कुमार नेपाल |
| ७ | मा० श्री एकनाथ ढकाल | ४२ | मा० श्री मेघराज नेपाली (निषाद) |
| ८ | मा० श्री कमल थापा | ४३ | मा० श्री मोहन वहादुर वस्नेत |
| ९ | मा० श्री कुमार खड्का | ४४ | मा० श्री मोहनसिह राठौर |
| १० | मा० श्री के.पी. शर्मा ओली | ४५ | मा० श्री मंजुकुमारी चौधरी |
| ११ | मा० श्री केशव प्रसाद बडाल | ४६ | मा० श्री योगेन्द्र तामाङ घिसिङ |
| १२ | मा० श्री कृष्णबहादुर महरा | ४७ | मा० श्री रामकुमार राई |
| १३ | मा० श्री गणेशमान गुरुङ्ग | ४८ | मा० श्री रामचन्द्र पौडेल |
| १४ | मा० श्री गोकर्णराज विष्ट | ४९ | मा० श्री रुकमिणी चौधरी |
| १५ | मा० श्री गोकुल प्रसाद घर्ती | ५० | मा० श्री रेखा शर्मा |
| १६ | मा० श्री गोपाल दहित | ५१ | मा० श्री लक्ष्मण राजवंशी |
| १७ | मा० श्री चन्देश्वर झा | ५२ | मा० श्री लक्ष्मणलाल कर्ण |
| १८ | मा० श्री चन्द्रकान्त भण्डारी | ५३ | मा० श्री लोकमणी ढकाल |
| १९ | मा० श्री चन्द्रप्रकाश (सीपी) मैनाली | ५४ | मा० श्री विजय कुमार गच्छदार |
| २० | मा० श्री चित्र बहादुर के.सी. | ५५ | मा० श्री विद्यादेवी भण्डारी |
| २१ | मा० श्री चित्रलेखा यादब | ५६ | मा० श्री विमलेन्द्र निधि |
| २२ | मा० श्री जयदेव जोशी | ५७ | मा० श्री शक्ति बहादुर बस्नेत |
| २३ | मा० श्री जीतबहादुर (दर्जी) गौतम | ५८ | मा० श्री शशांक कोइराला |
| २४ | मा० श्री झलनाथ खनाल | ५९ | मा० श्री शत्रुधन महतो |
| २५ | मा० डा० डिम्पल कुमारी झा | ६० | मा० श्री शिवकुमार मण्डल केवट |
| २६ | मा० श्री दिलनाथ गिरी | ६१ | मा० श्री शिवलाल थापा |
| २७ | मा० श्री धर्मनाथ प्रसाद साह | ६२ | मा० श्री सुशील कोइराला |
| २८ | मा० श्री नारायण मान बिजुक्छे | ६३ | मा० श्री शेरबहादुर देउबा |
| २९ | मा० श्री निर्जला राउत | ६४ | मा० श्री सरिताकुमारी यादव |
| ३० | मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ६५ | मा० श्री सर्वेन्द्रनाथ शुक्ला |
| ३१ | मा० श्री पूर्ण बहादुर खड्का | ६६ | मा० श्री सुजाता कोइराला |
| ३२ | मा० श्री प्रकाशमान सिंह | ६७ | मा० श्री सुरेन्द्रप्रसाद पाण्डे |
| ३३ | मा० श्री प्रेमबहादुर सिंह | ६८ | मा० श्री सूर्य बहादुर थापा |
| ३४ | मा० श्री बामदेव गौतम | ६९ | मा० श्री हरिचरण शाह |
| ३५ | मा० श्री बालकृष्ण खाँण | ७० | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की |

**सचिव**

श्री मुकुन्द शर्मा

समिति गठन मिति : २०७०।१२।१४ समिति हेरफेर मिति : २०७१।२।१३, २०७१।५।२६

# संविधानसभा
# संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

सभापति
मा० डा० बाबुराम भट्टराई

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | महासचिव, संविधानसभा | श्री मनोहरप्रसाद भट्टराई |
| २. | सचिवालय सचिव, संविधानसभा सचिवालय | श्री ठाकुरप्रसाद बराल |

## समिति सचिवालय

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | सचिव | श्री मुकुन्द शर्मा |
| २. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| ३. | उपसचिव (कानून) | श्री मानबहादुर अर्याल |
| ४. | उपसचिव (कानून) | श्री अवनी सैनाली भट्टराई |
| ५. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ६. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ७. | ना.सु. | श्री सृजना तण्डुकार |
| ८. | का.स. | श्री राजबहादुर बस्नेत |
| ९. | का.स. | श्री नारायण कार्की |
| १०. | सवारी चालक | श्री कुमार खवास |

## मुद्रणतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्विरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

## मन्तव्य

आम नेपाली जनताको स्वामित्व र अपनत्व प्राप्त संविधान निर्माण हेतु अहिले हामी सहमतिको लागि अथक रुपमा प्रयासरत रहेका छौं । संविधान निर्माणको यस महत्वपूर्ण एवं सम्वेदनशील घडीमा संविधानका विवादित अर्न्तवस्तुमा सहमति कायम गरी संविधानसभाले तय गरेकै मितिमा नयाँ नेपालको सुनौलो भविष्य निर्धारण गर्ने राजनीतिक सहमतिको कानूनी दस्तावेजरुपी संविधान जारी गर्ने विषय अत्यन्तै चुनौतीपूर्ण बन्दै गईरहेको छ । सहमति कायम गर्ने विषय आफैमा जटिल र चुनौतीपूर्ण कार्य भए पनि सहमतिको विकल्प भने देखिंदैन । यसका लागि सबै राजनीतिक दलले आ-आफ्ना दलीय अडान र मतलाई पुर्नविचार गरी संविधानसभाबाट आफ्नो संविधान आफै निर्माण गर्ने ऐतिहासिक कार्यलाई पूर्णता दिन सकेसम्मको लचिलो बन्नु पर्ने टड्कारो आवश्यकता रहेको छ । यसै कुरालाई हृदयङ्गम गर्दै संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिको बैठकमा संविधानका विवादित विषयमा सहमति कायम गर्न पटक पटक छलफल र बहस गरिएको कुरा म यहाँ स्मरण गराउन चाहन्छु ।

समितिमा छलफल भई टुङ्गो लागेका, टुङ्गो लाग्न बाँकी रहेका र छलफलको क्रममा उत्पन्न नयाँ विषय सहितको विस्तृत प्रतिवेदन संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (११) को प्रयोजनार्थ मिति २०७१ भाद्र २१ गते संविधानसभामा पेश गरिसकेको छु । उक्त प्रतिवेदन उपर संविधानसभामा भएको गहन छलफल पश्चात् टुङ्गो लाग्न बाँकी रहेका विषयहरुमा पुनः सहमति गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने संविधानसभाको मिति २०७१ असोज २ गतेको बैठकले बहुमतद्धारा प्रस्ताव पारित गरेको व्यहोरा विदितै छ । उक्त प्रस्ताव अनुरुप संविधानसभा नियमावली, २०७० को नियम ६६ को उपनियम (६) बमोजिम सभाको निर्देशन सहित प्राप्त टुङ्गो लाग्न बाँकी रहेका विषयहरुमा समितिमा व्यापक छलफल हुँदा पुनः सहमति भई टुङ्गो लागेका विषयहरु सहितको यो प्रतिवेदन पेश गरेको छु । यस क्रममा तत्कालीन **व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संवैधानिक समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका** प्रतिवेदनमा उल्लिखित केही प्रावधानहरु र **राज्यको पुर्नसंरचना र राज्य शक्तिको बांडफांड समिति, राज्यको शासकीय स्वरूप निर्धारण समिति र न्याय प्रणाली समितिका** विषयमा भने छलफल जारी रहेको व्यहोरा यस सार्वभौम सभालाई जानकारी गराउन चाहन्छु । उल्लिखित टुङ्गो लाग्न नसकेका विषयहरुमा पनि सहमतिको प्रयास जारी नै रहेकाले अझै थप केही अवधि संविधानसभाबाट प्राप्त भएमा त्यसबाट केही न केही निचोड निस्कनेछ भन्ने कुरा म सभालाई आश्वस्त तुल्याउन चाहन्छु ।

समितिको कार्य सम्पादनको क्रममा समितिका माननीय सदस्यहरुको सक्रियता सहित मलाई प्राप्त सहयोगको म उच्च प्रशंसा गर्दछु । यस क्रममा समय समयमा संविधानसभाका सम्माननीय अध्यक्षबाट प्राप्त राय सुझावका लागि आभार प्रकट गर्दछु । यसरी नै संविधान निर्माणको क्रममा मलाई र समितिलाई सल्लाह सुझाव दिने संविधानसभा वाहिर रहेका दल, सरोकारवाला समूह, व्यक्ति, विज्ञ मित्रहरु सहित सञ्चारजगत् र सञ्चारकर्मी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, समितिको कार्य सम्पादनमा आवश्यकतानुसार नियमानुसारको राय सुझाव दिने, अभिलेख उपलव्ध गराउने, प्रतिवेदन तयार गर्ने लगायत समिति सम्बद्ध कार्यमा अथक र कुशल मेहनतका साथ संलग्न रही कार्य सम्पादन गर्ने समिति सचिव लगायत समिति सचिवालय र सचिवालयका सम्बद्ध सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

(डा० बाबुराम भट्टराई)
**सभापति**

सम्बत् : *२१ असोज २०७१*

## विषय सूची


| | विषय | पेज नं. |
|---|---|---|
| १. | टुङ्गो लागेको विषयहरु | १ |
| | १.१ व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति | १ |
| | १.२ मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | ३ |
| | १.३ संवैधानिक समिति | ३ |
| | १.४ संवैधानिक निकायको संरचना निर्धारण समिति | ४ |
| २. | सुझाव | ८ |
| | अनुसूची | ९ |

## संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिलाई संविधानसभा नियमावली, २०७० ले तोके बमोजिमको उत्तरदायित्व र जिम्मेवारी वहन गर्ने सिलसिलामा संविधानका विवादित अर्न्तवस्तु र छलफलमा उठेका नयाँ विषय समेतमा छलफल गरी टुङ्गो लागेका र टुङ्गो लगाउन बाँकी रहेका विषयहरु सहितको **"संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदन, २०७१"** संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम ११ को प्रयोजनार्थ मिति २०७१ भाद्र २१ गते सार्वभौम संविधानसभामा पेश भई उक्त प्रतिवेदन उपर मिति २०७१ साल भदौ २७ र २९ तथा असोज १ र २ गतेको संविधानसभाको बैठकमा गहन छलफल भई सकेको छ ।

छलफल प्रश्चात् संविधानसभा नियमावली, २०७० को नियम ६६ को उपनियम (६) बमोजिम संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिलाई समितिको प्रतिवेदनमा उल्लेखित टुंङ्गो लाग्न बाँकी असहमतिका विषयहरुमा पुनः सहमति गर्न संविधानसभाको मिति २०७१ असोज २ गतेको बैठकको बहुमतबाट पारित प्रस्ताव बमोजिम मिति २०७१ असोज ३ गते निर्देश सहित प्राप्त विषयमा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा विस्तृत छलफल हुँदा देहायका विषयमा निम्न बमोजिम गर्ने गरी टुङ्गो लागेकोले सोही व्यहोरा सहितको प्रतिवेदन संविधानसभामा पेश गरिएको छ ।

### १. टुङ्गो लागेका विषयहरू

#### १.१ व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
|---|---|---|
| १. | **३. प्रतिनिधिसभाको गठनः** | (५) यस संविधान बमोजिम (**अगावै विघटन भएमा बाहेक**) प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ ।<br>तर देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधि सभाको कार्यकाल बढाउन सकिनेछ ।<br>(६) उपधारा (५) बमोजिम थप गरिएको प्रतिनिधि सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुनेछ ।<br>(७) यस संविधानको अधीनमा रही प्रतिनिधि सभाको सदस्यको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।<br>(८) अठार वर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।<br>(९) प्रतिनिधि सभाका सदस्यको लागि हुने निर्वाचनमा मतदान गर्ने अधिकार पाएको धारा ५ बमोजिम योग्यता पुगेको कुनै पनि व्यक्ति प्रचलित कानूनको अधीनमा रही कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउनेछ ।<br>(१०) प्रतिनिधि सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ ।<br>(११) यस धारामा लेखिएका कुराहरुको अधीनमा रही प्रतिनिधि सभाको निर्वाचन र सो सम्वन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । |
| २. | **४. राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधिः** | (ख) संघीय संसदको प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक महिला, जाती, भाषिक, धार्मिक, पिछडिएको क्षेत्रबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मतको आधारमा प्रतिनिधि सभाद्वारा कानूनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्यहरु,<br>(ग) राष्ट्रपतिबाट मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रिय जिवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका मनोनीत हुनु भन्दा तत्काल अगाडी कुनै राजनीतिक दलमा क्रियाशिल नरहेको लब्ध प्रतिष्ठित र विशेषज्ञ व्यक्तित्वहरुबाट मनोनित गरिने १० जना<br>(२) राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ । यसको गठनमा यथासम्भव समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ । यस सदनका एक-तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ ।<br>(३) राष्ट्रिय सभाका सदस्यहरुको पदावधि छ वर्षको हुनेछ । तर यो संविधान |

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
| --- | --- | --- |
| | | प्रारम्भ भएपछि पहिलो पटकलाई सदस्यको पदावधि कायम गर्दा गोला हाली एक-तिहाईको दुई वर्ष, अर्को एक-तिहाईको चार वर्ष र बाँकी एक-तिहाईको छ वर्षको पदावधि कायम गरिनेछ ।<br>(४) राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यहरुको पदावधि प्रारम्भ भएको मानिनेछ ।<br>(५) राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन जुन तरिकाले भएको हो सोही तरिकाले गरिनेछ ।<br>(६) राष्ट्रिय सभाको कुनै सदस्यको पदावधि बाँकी छँदै निजको स्थान रिक्त भएमा बाँकी पदावधिको लागि सो स्थानको पूर्ति उपधारा (५) बमोजिम गरिनेछ । |
| ३. | **१७. महाअभियोग** | (२) उपधारा (१) बमोजिम अनुसार महाभियोगबाट हटाईएका पदाधिकारीहरुले उक्त पदबाट पाउने लाभ र भविष्यमा कुनै पनि सार्वजनिक पदमा रहन सक्ने छैनन् ।<br>(३) महाभियोग सम्बन्धी अन्य व्यवस्था कानूनद्धारा निर्धारित गरिनेछ । |
| ४. | **४४. प्रदेश सभाको गठन :** | (५) अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।<br>(६) प्रदेश सभाको सदस्यको लागि निर्वाचनमा मतदान गर्ने अधिकार पाएको कुनै पनि व्यक्ति प्रचलित कानूनको अधीनमा रही प्रदेशको कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउने छ ।<br>(७) प्रदेश सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थान रिक्त भएको हो सो रिक्त स्थानको पूर्ति सोही प्रकृयाद्वारा गरिनेछ ।<br>(८) यस धारामा लेखिएको कुराहरुको अधीनमा रही प्रदेश सभाको निर्वाचन र सो सम्बन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ । |
| ५. | **५६. महाअभियोग** | उच्च अदालतका मुख्य न्यायाधिश र न्यायाधिशहरुको महाभियोग सम्बन्धी व्यवस्था :<br>(१) संविधान र कानूनको गंभिर उल्लंघन गरेमा वा कार्यक्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदिय कर्तव्यको पालन नगरेको आधारमा उच्च अदालतका मुख्य न्यायाधिश र न्यायाधिशहरुलाई प्रदेश सभाको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित भएमा निजहरु आफ्नो पदबाट मुक्त हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिम महाभियोगबाट हटाईएका पदाधिकारीहरुले उक्त पदबाट पाउने लाभ र भविष्यमा कुनै पनि सार्वजनिक पदमा रहन सक्ने छैनन् ।<br>(३) महाभियोग सम्बन्धी अन्य व्यवस्था कानूनद्धारा निर्धारित गरिनेछ । |
| ६. | **थप हुनु पर्ने :** | प्रदेशसभा सचिवालय : (१) संविधान जारी भए पछिको पहिलो कार्यकालका लागि व्यवस्थापिका-संसदमा कार्यरत वा निबृत्त राजपत्रांकित विशिष्ट श्रेणी वा राजपत्रांकित प्रथम श्रेणीको अधिकृतहरुमध्येबाट व्यवस्थापिका-संसदको महासचिवको परामर्शमा प्रदेश सभा प्रमुखले प्रदेश सभा सचिव नियुक्त गर्नेछ ।<br>(२) प्रदेश सचिवालय र कर्मचारी सम्बन्धी अन्य व्यवस्था कानूनद्धारा निर्धारण भए बमोजिम हुनेछ । |

**१.२ मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति**

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
|---|---|---|
| १. | **१०. सम्पत्ति सम्बन्धी हक** | (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>(२) प्रगतिशील करको मान्यता अनुरुप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।<br>(३) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।<br>तर कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।<br>(५) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न राज्यले कानून बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ । |
| २. | **२८. सामाजिक न्यायको हक** | (५) आदिबासी, जनजाति तथा अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>(११) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै आन्दोलन, संघर्ष र क्रान्तिको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई राहत तथा न्याय प्रदान गर्ने एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्राप्त गर्ने हक हुनेछ । |
| ३. | **नयाँ विषय** | राज्यका नीतिहरु अन्तर्गत कृषि र भूमिसुधार सम्बन्धी नीतिको खण्ड ४ को सट्टा **"जमिन, आकाश, पानी तथा हावाको अध्ययन अनुसन्धान गरी त्यसको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा राज्यले नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने"** भन्ने वाक्यांश राख्ने । |

**१.३ संवैधानिक समिति**

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
|---|---|---|
| १. | **७. राष्ट्रिय गान र निशाना छाप** | (२) नेपालको निशाना छाप अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ । सो निशाना छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ र त्यसमा नेपाल सरकारबाट निर्धारित रङ्गको प्रयोग हुनेछ । |
| २. | **८. संविधान संशोधन :** | (७) उपधारा (६) मा उल्लेखित विषय बाहेक सहमतिका लागि पेश भएको विधेयक बहुमत संघीय इकाईका विधायिकाले तीन महिनाभित्र तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी संघीय विधायिकामा पठाउनु पर्नेछ ।<br>तर कुनै संघीय इकाईको विधायिका विघटन भएको अवस्था रहेछ भने त्यस्तो विधायिका गठन भई पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ । |
| ३. | **संक्रमणकालीन व्यवस्था** | (नेपालको अन्तरिम संविधान, २०६३ खारेज हुने र नयाँ संविधान कार्यान्वयनमा नआईसकेको अवस्थालाई संक्रमणकालीन अवस्था भनिएको हो । हाल भएका संवैधानिक संयन्त्रमा के कस्तो परिवर्तन हुन्छ, तिनीहरुका काम, कर्तव्य र अधिकारमा के कस्तो अन्तर आउँछ र नयाँ संयन्त्र बन्न के कति समय लाग्छ भन्ने विषय स्पष्ट नभईकन संक्रमणकालीन व्यवस्थालाई पूर्णता दिन सकिदैन । निर्क्योल समितिहरुबाट प्राप्त मस्यौदा र मस्यौदा समितिबाट एकीकरण भई संविधानको विधेयक तयार गर्ने अवधिंसम्म संक्रमणकालीन व्यवस्था अन्तर्गत राखिनु पर्ने अन्य विषयहरु थप गर्नु पर्ने अवस्था आउने भएकोले यो भागलाई अन्तिमसम्म खुला राख्नु पर्ने समितिको सुझाव रहेको ।) |

१.४ संवैधानिक निकायको संरचना निर्धारण समिति

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
|---|---|---|
| १. | **विविध भागमा राख्ने**<br><br>**नियुक्ति सम्बन्धी व्यवस्था** | **नियुक्ति सम्बन्धी व्यवस्था** : (१) संविधान र कानूनद्वारा गठन हुने आयोगहरुको पदमा गरिने नियुक्ति *समानुपातिक समावेशी सिद्धान्तको आधार* ***(समानुपातिक समावेशी सिद्धान्तको आधारमा नभइ योग्यता र क्षमताको आधारमा हुनु पर्ने भन्ने मा० श्री अतहर कमाल मुसलमानको असहमति रहेको)*** मा गरिनेछ ।<br>(२) उपधारा (१) बमोजिम नियुक्ति गर्दा कम्तीमा एक जना महिला हुनु पर्नेछ । |
| २. | **१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग** | आयोगमा रहने सदस्य संख्या र नियुक्तिको प्रक्रिया :<br>(१) नेपालमा एक संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहने छन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ । |
| ३. | **१.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार** | (४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ । |
| ४. | **२. लेखा परीक्षण आयोग** | लेखा परीक्षण आयोग : (१) नेपालमा एक संघीय लेखापरीक्षण आयोग हुनेछ जसमा एकजना अध्यक्ष र अन्य दुई जना सदस्यहरू रहनेछन् । |
| ५. | **३. लोक सेवा आयोग** | (१) नेपालमा एक संघीय लोक सेवा आयोग हुनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्यहरू रहने छन् । |
| ६. | **४. निर्वाचन आयोग** | (१) नेपालमा एक संघीय निर्वाचन आयोग हुनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहने छन् । |
| ७. | **५. मानव अधिकार आयोग** | (१) नेपालमा एक संघीय मानव अधिकार आयोग हुनेछ देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-<br>(क) मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सेवा निवृत सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा राष्ट्रिय जिवनका विभिन्न क्षेत्रमा क्रियाशिल रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट -अध्यक्ष<br>(ख) मानव अधिकारको संरक्षण र संवर्द्धन वा राष्ट्रिय जिवनका विभिन्न क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट तीनजना -सदस्य<br>(ग) बालबालिकाको हक हितको क्षेत्रमा कार्यरत ख्यातिप्राप्त व्यक्तिमध्येबाट एकजना -सदस्य |
| ८. | **६. महिला आयोग** | (१) नेपालमा एक संघीय महिला आयोग हुनेछ जसमा एकजना अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् ।<br>(३) संघीय महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला,<br>(ख) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी हासिल गरेको,<br>(ग) कम्तीमा चालिस वर्ष उमेर पुरा गरेको,<br>(घ) नियुक्ति हुँदाको बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(४) संघीय महिला आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो अवधि पूरा हुनु अगावै संघीय महिला आयोगका अध्यक्ष र |

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
| --- | --- | --- |
| | | सदस्यको उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) संघीय महिला आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(५) देहायको अवस्थामा संघीय महिला आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(६) संघीय महिला आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् र निजहरु वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) संघीय महिला आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।<br>तर,<br>(क) महिला आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |
| ९. | **६.१ महिला आयोग काम, कर्तव्य र अधिकार** | (१) यस संविधान र कानुनद्वारा व्यवस्था भए बमोजिम संघीय महिला आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) महिलाको हक हितसँग सरोकार राख्ने संघीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(ख) महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि अन्तरगतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(घ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र सोको अनुगमन गर्ने ।<br>(ङ) महिला अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन |

| सि.नं | विषयवस्तु | टुङ्गो लागेका विषय |
|---|---|---|
| | | बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।<br>(छ) कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने । |
| १०. | **६.२ अधिकार प्रत्यायोजन** | संघीय महिला आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सदस्य, समिति, उपसमिति वा आयोगका अधिकृत स्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । |
| ११. | **६.४वार्षिक प्रतिवेदन** | संघीय महिला आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नेछ र र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
| १२. | **७. दलित आयोग**<br><br>व्यवस्थापिका-संसद सचिवालय | (१) नेपालमा एक संघीय दलित आयोग हुनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहने छन् ।<br>(३) संघीय दलित आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) कम्तीमा दस वर्ष दलित हक हित वा दलित विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनु पर्नेछ ।<br>(ख) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी हासिल गरेको,<br>(ग) कम्तीमा चालिस वर्ष उमेर पुरा गरेको,<br>(घ) नियुक्ति हुँदाको बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(४) संघीय दलित आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो अवधि पूरा हुनु अगावै संघीय दलित आयोगका अध्यक्ष र सदस्यको उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) संघीय दलित आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(५) देहायको अवस्थामा संघीय दलित आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(६) संघीय दलित आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् र निजहरु वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) संघीय दलित आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।<br>तर,<br>(क) दलित आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । |

| सि.नं. | विषयवस्तु | टुङ्गो लागेका विषय |
|---|---|---|
| १३. | **७.१ दलित आयोगको काम , कर्तव्य र अधिकार** | (१) नेपालमा भएका दलित सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>(२) जातिय उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका निम्ती दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(३) दलित उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसंग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(४) दलित अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(५) दलितलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । |
| १४. | **७.२ अधिकार प्रत्यायोजन** | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । |
| १५. | **७.४ वार्षिक प्रतिवेदन** | प्रत्येक वर्ष संघीय दलित आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । |
| १६. | | **संवैधानिक संरचना गठन सम्बन्धमा देहायको अवधारणा अनुरुप परिमार्जन हुनु पर्ने** :<br>• *संवैधानिक आयोग र कानूनद्धारा निर्धारण हुने आयोगहरु व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्नेछ । त्यस्ता आयोगको काम कारवाहीहरुको अनुगमन र मूल्यांकन व्यवस्थापिका-संसदको संयुक्त समितिबाट हुनेछ ।*<br>• *प्रदेशमा रहने आयोगहरु प्रदेशको व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्नेछ । त्यस्ता आयोगको काम कारवाहीहरुको अनुगमन र मूल्यांकन प्रदेश सभाको सम्बन्धित समितिबाट हुनेछ ।*<br>• *न्यायपालिकाका सम्पूर्ण तहका न्यायाधीशहरु, संवैधानिक आयोग र कानूनद्धारा निर्धारण हुने आयोगका पदाधिकारीहरुले नियुक्ति भएको ३५ दिनभित्र र प्रत्येक वर्ष कानून बमोजिम आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्नेछ ।* |
| १७. | **विविध** | **ससंदीय सुनुवाई सम्बन्धी व्यवस्था** : यस संविधान बमोजिम संवैधानिक परिषद्को सिफारिशमा नियुक्त हुने संवैधानिक निकायका पदाधिकारी, सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश, संवैधानिक अदालतका न्यायाधीश तथा राजदूतको पदमा नियुक्ति पूर्व निजहरुको कानूनमा व्यवस्था भए बमोजिम संसदीय सुनुवाई हुनेछ । |

## २. सुझाव

संविधानसभा; संविधान अध्ययन तथा निक्र्यौल समितिको असहमतिका प्रावधान समेटिएको सहमति प्राप्त गर्न संविधानसभाबाट समितिमा प्राप्त विभिन्न समितिका प्रतिवेदनहरुमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठकमा सहमति भई संविधानसभामा टुंगो लागेको भनी पेश गरिएका तत्कालीन **व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समिति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संवैधानिक समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका** प्रतिवेदनमा उल्लिखित केही प्रावधानहरु सहित निम्न विषयमा संविधानसभाको निर्देश अनुरुप प्रतिवेदन तयार गर्ने क्रममा सहमति भई नसकेको व्यहोरा संविधानसभालाई अनुरोध गर्ने :-

**राज्यको पुर्नसंरचना र राज्य शक्तिको वांडफांड समिति,**
**राज्यको शासकीय स्वरूप निर्धारण समिति,**
**न्याय प्रणाली समिति ।**

(मुकुन्द शर्मा)
सचिव

(डा० बाबुराम भट्टराई)
सभापति

# अनुसूची

**समितिमा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलहरुबाट प्राप्त असहमति तथा फरक मतहरु**

# राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल
## संसदीय दलको कार्यालय
## सिंहदरबार, काठमाडौं

दलका नेताः मा. कमल थापा

मिति : २०७१ असोज १० गते

माननिय सभापति ज्यु
संबैधानिक राजनैतिक संबाद तथा सहमति समिति
संबिधानसभा, सिंहदरवार

**बिषय : असहमति वारे**

संबिधान निर्माणको सन्दर्भमा राप्रपा नेपाल संसदिय दलको तर्फबाट गत २०७१ भाद्र २० गते असहमतिको बिषयहरु औपचारिक रुपमा यस समितिमा दर्ता गराईएको व्योहरा माननिय सभापति ज्युमा बिदितै छ । माननिय सभापति ज्युबाट संबिधानसभामा मिति २०७१ भाद्र २१ गते प्रस्तुत प्रतिवेदनमा समेत सो असहमतिको पत्र समावेश गरि दिनु भएकोमा धन्यवाद दिन चाहन्छु। यस कममा पुनः देहायका बिषयमा माननिय सभापति ज्यु मार्फत यस समितिको ध्यान आकर्षित गर्न चाहन्छु :

१) धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रका सम्बन्धमा राप्रपा नेपालको पुर्ण असहमति रहेको छ । त्यसर्थ, संबिधानका तत्सम्बन्धि बिभिन्न प्रावधान तथा अन्तर्वस्तुहरुमा समेत राप्रपा नेपालको स्वभाविक रुपले सहमति रहेको छैन । त्यसर्थ, ति बिषय संग सम्बन्धित सबै प्रावधान र अन्तर्वस्तुहरु सहमति कायम हुन नसकेको बिषयका रुपमा संबिधानसभामा प्रस्तुत गरि दिनु अनुरोध छ ।

२) यस समितिको तर्फबाट प्रतिवेदन तयार गर्दा उपरोक्त बिषयसंग सम्बन्धित देहायका अन्तर्वस्तुहरुलाई निम्न बमोजिम प्रश्नावलीका रुपमा प्रस्तुत गरिदिनु हुन समेत अनुरोध गर्दछु :

क) संबिधानमा धर्मनिरपेक्षता राख्ने वा सर्वधर्म समभाव, पुर्ण धार्मिक स्वतन्त्रता सहितको सनातन हिन्दुराष्ट्र राख्ने ?

ख) गणतन्त्र राख्ने वा संवैधानिक राजतन्त्रात्मक प्रणाली कायम गर्ने ?

ग) संघीयत्ता कायम गर्ने वा स्थानिय स्वायत्त शासन प्रणाली कायम गर्ने?

३) यस समितिलाई नंया बिषयहरु वारे समेत प्रस्ताव गर्ने अधिकार संबिधानसभा नियमावलीले दिएको हुंदा धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र वारे अन्तिम टुंगो लगाउनु पुर्व जनताको प्रत्यक्ष अभिमत लिन राष्ट्रिय जनमत संग्रह गर्ने बिषयलाई यस समितिमा प्राप्त नंया बिषयका रुपमा संबिधानसभाको पुर्ण बैठकमा पेश गरि दिनु हुन पनि अनुरोध गर्दछु ।

धन्यवाद ।

कमल थापा
सदस्य, संबैधानिक राजनैतिक संबाद तथा सहमति समिति
तथा संसदिय दलको नेता
राप्रपा नेपाल

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. ०१-४२००११३, ०१-४२००१२७, फ्याक्सः ०१-४२००१२७
ई-मेलः rppnsamsadiadal@gmail.com वेभः www.rppn.org

# नेपाल मजदुर किसान पार्टी

## संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं


दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ...........................

माननीय सभापति

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

संविधानसभा, काठमाडौं ।

**विषय: फरक मत पेश गरेको ।**

यस समितिमा प्रस्तुत, छलफल र निर्णय भएका संविधानका अन्तरवस्तुबारे नेपाल मजदुर किसान पार्टीको देहायबमोजिम फरक मत प्रस्तुत गर्दछु -

**१. शासकीय स्वरुप**

**कार्यपालिका**

- प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको बन्दोबस्त गरिनु पर्दछ ।
- प्रतिनिधिसभा र राष्ट्रिय सभाको सदस्य मन्त्री हुने छैनन् ।
- राष्ट्रपतिले आफैप्रति उत्तरदायी विज्ञहरुको सानो मन्त्री परिषद बनाउने छन् ।
- देशको अखण्डतामा आँच आउने वा देशको एकतामा बाधा पर्ने कार्यलाई रोक्न राष्ट्रपतिले सम्बन्धित प्रादेशिक सरकार र प्रादेशिक विधानसभालाई समेत भङ्ग गरी राष्ट्रपतीय शासन लागू गर्न सक्नेछन् ।

**व्यवस्थापिका**

- व्यवस्थापिका दुई सदनात्मक हुनेछ ।

  क) माथिल्लो सदन राष्ट्रिय सभा हुनेछ,

  ख) तल्लो सदन प्रतिनिधिसभा हुनेछ ।
- माथिल्लो सभा जात-जाति र भाषा-भाषीको सभा अर्थात House of Nationalities हुनेछ । प्रदेशहरुबाट चुनिएका तीन-तीन जना सदस्यहरुबाट माथिल्लो सदनको निर्माण हुनेछ । राष्ट्रिय सभा स्थायी सदन हुनेछ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं.

मिति : ..............................

**प्रादेशिक विधानसभा**

- प्रादेशिक विधानसभा एक सदनको हुनेछ ।
- प्रादेशिक विधानसभाका सदस्यहरूको कार्यावधि चार वर्षको हुनेछ ।
- प्रादेशिक विधानसभाले आ-आफ्नो प्रदेशमा जात-जाति, भाषा-भाषीहरूको भावना र आवश्यकताअनुसार कला, संस्कृति, भाषा र साहित्यको विकासबारे विधेयकहरू पारित गर्नेछ र नीतिहरू निर्माण गर्नेछ ।
- प्रादेशिक विधानसभाले आ-आफ्नो प्रदेशको प्रमुख मन्त्री चुन्नेछ र प्रमुख मन्त्रीले मन्त्रीहरूको चयन गर्नेछ ।
- केन्द्रीय सरकारबाट नियुक्त गरिएका प्रादेशिक प्रमुख अधिकारी (गभर्नर)ले केन्द्र सरकार र प्रादेशिक सरकारको बीचमा पुलको काम गर्नेछ ।

**२. संघीय संरचना**

- प्राकृतिक श्रोत-साधन र भूगोलको आधारमा प्रत्येक प्रदेशमा तराइ, पहाड र हिमाल समावेश गरी प्रदेश विभाजन गरिनु पर्दछ ।
- जनताको इच्छाअनुसार देशको छिटो आर्थिक विकास गर्न चौध प्रदेश बनाउनु उपयुक्त हुन्छ ।
- आत्मनिर्णयको अधिकारसहित जात-जाति र भाषा-भाषी एवं क्षेत्रको आधारमा प्रदेश विभाजन गरिए अन्तत: साम्प्रदायिक भिडन्त हुँदै देश विभाजन हुने सम्भावना हुन्छ ।
- देशको रक्षा, परराष्ट्र, राष्ट्रिय यातायात, सञ्चार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान र प्रविधि, खनिज र जलस्रोत, हुलाक, भन्सार आदि केन्द्रीय सरकारमा नीहित हुनेछ । एउटा केन्द्रीय विश्वविद्यालय केन्द्रीय सरकारको मातहतमा हुनेछ ।
- कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, प्रादेशिकस्तरको खनिज, जलस्रोत, यातायात, घरेलु र कुटीर व्यवसाय, प्रादेशिक कर, भाषा र संस्कृति आदि प्रदेश सरकारको मातहतमा रहनेछ ।

**३. स्थानीय निकाय**

- संघीयताको नाममा देशको जिल्ला, नगर र गाविस जस्ता पुराना संरचना ध्वस्त र लथालिङ्ग पार्नु हुँदैन ।

- देशका सबै जात-जाति, भाषा-भाषीहरुका भाषा, साहित्य, कला र संस्कृति मानव सभ्यताकै अंग हो ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


मिति : ............................

च. नं.

- ठूल्ठूला शहरको जटिलताबाट देशलाई जोगाउनु पर्दछ र पूर्वाधार तयार गरेर मात्र नगरपालिकाहरु घोषणा गर्नु व्यवहारिक हुनेछ ।
- स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार सम्पन्न गरी देशको आधा बजेट स्थानीय निकायमार्फत विकास निर्माण गर्नु/गराउनु उपयुक्त हुन्छ ।
- कुनै निश्चित क्षेत्र, नगर, गाउँलाई साँस्कृतिक क्षेत्र, नगर, गाउँ घोषणा गर्ने व्यवस्था हुनु अति आवश्यक छ । त्यस्ता साँस्कृतिक क्षेत्रमा अन्य ठाउँका जनताले अचल सम्पति किन्न नपाउने ऐन-नियमले बन्दोबस्त गर्ने छ ।

**४. निर्वाचन प्रणाली**

- अहिलेको निर्वाचन प्रणालीभन्दा बढी प्रजातान्त्रिक र समावेशी बनाउन प्रतिनिधिसभा र प्रादेशिक सभाको निर्वाचन मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (एमएमपीआर) को आधारमा गरिनु पर्दछ । यो प्रणालीले जनसंख्या र भूगोल दुवैलाई सम्बोधन गर्छ ।
- प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रादेशिक सभाका सदस्यहरुको प्रत्याह्वानको व्यवस्था गरिने छ ।
- स्थानीय निकाय जिविस, नगरपालिका र गाविसहरुमा पनि दलगत आधारमा चुनाव हुनेछ ।

**५. न्याय प्रणाली.**

- सर्वोच्च अदालतले केन्द्र र प्रदेशबीचको विवाद र प्रदेशहरुबीचको विवादको छिनोफानो गर्नेछ ।
- प्रत्येक प्रदेशको आ-आफ्नो अदालत हुनेछ ।
- प्रदेशभित्रका जिल्लाहरुमा जिल्ला अदालत हुनेछ ।
- सर्वोच्च अदालतले आवश्यकताअनुसार श्रम अदालत, उपभोक्ता अदालत, महिला अदालत र अन्य अदालत गठन गर्नेछ ।

- सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालतका प्रधानन्यायाधीस र मुख्य न्यायाधीसहरु सम्बन्धित न्यायाधीसहरुबाट चुनाव गरी नियुक्ति गर्ने व्यवस्था गरिने छ ।
- न्यायपालिकालाई संसदप्रति जवाफदेही बनाइनु आवश्यक छ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

मिति : ............................

च. नं.

- न्यायालयभित्रको ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारबारे संसदमा सांसदहरुले बोल्न पाउने छन् ।

६. नागरिकता सम्बन्धमा

- राज्यबाट प्राप्त अवसरहरु सजिलै पाउन दिन केन्द्र र प्रदेश गरी दोहोरो नागरिकताको आवश्यकता टड्कारो देखिएको छ ।
- सोह्र (१६) वर्ष उमेर पुगेको नेपाली व्यक्ति नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य हुनेछ ।
- अङ्गीकृत नागरिकता पाएका नेपालीबाट जन्म भएका व्यक्तिले वंशजको आधारमा नभई अङ्गीकृत नागरिकता नै पाउनेछन ।
- चिकित्सा विज्ञानले प्रमाणित नगरेसम्म" तेस्रो लिङ्गीय" पहिचानसहित नागरिकता दिनु हुँदैन ।
- सरकारी कर्मचारीहरुले विदेशी नागरिकसँग विवाह गरेमा नेपाली नागरिकता स्वत: खारेज हुनेछ ।
- नेपाली नागरिकले विदेशी नागरिकसँग विवाह गरेमा वंशजको आधारको नेपाली नागरिकता स्वत: अङ्गीकृत नेपाली नागरिकतामा परिणत हुनेछ ।"
- गैरआवासीय नेपालीलाई विशेष नागरिकता दिनु आवश्यक छैन ।

७. प्राकृतिक स्रोत-साधनबारे

- प्राकृतिक स्रोत-साधनबारे विदेशसंग सन्धि-सम्झौताहरु संयुक्त सदनको दुई तिहाई बहुमतमा केन्द्र सरकारले मात्र पारित गर्नेछ ।

८. समाजवादउन्मुख समाजको निम्ति संविधानमा देहायबमोजिमको बन्दोवस्त गर्नु पर्दछ:

- शोषण विरोधको अधिकार,
- व्यक्तित्व विकासमा समान अवसरको अधिकार,
- 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगारीको सुनिश्चितता,
- प्राथमिक कक्षादेखि उच्च माविसम्म नि:शुल्क र अनिवार्य तथा उच्च शिक्षा नि:शुल्क पाउनुपर्ने अधिकार,
- १८ वर्ष पुगेका हरेक नेपाली नागरिकलाई अनिवार्य सैनिक तालिमको अधिकार,
- १६ वर्षका बालिगलाई मताधिकारको व्यवस्था,
- ज्येष्ठ नागरिकलाई जीवनको सुनिश्चितता, नि:शुल्क उपचारको बन्दोबस्त र 'आदर निकेतन' को सुविधाको अधिकार,

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं. मिति : ..............................

- दूधे बालबालिकाको निम्ति शिशुशाला र खेल्ने बालबालिकाको निम्ति बालोद्यानको बन्दोबस्त, कल-कारखाना, कार्यालय, गाविस र नगरपालिकाको हरेक वडा र आवश्यक ठाउँहरूमा त्यसको अनिवार्य बन्दोबस्त,
- उपचारविना कुनै नागरिक मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकलाई समान रूपले नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार,
- टुहुरा-टुहुरी, अशक्त, विधवा, बिरामी र आफन्तविनाका असहाय नागरिकहरूको जीवन सुरक्षाको सुनिश्चितता,
- बेरोजगार युवाहरूलाई भत्ताको बन्दोबस्त,
- सबै नागरिकलाई सुस्वास्थ्यको निम्ति खेलकुद र शारीरिक शिक्षाको बन्दोबस्त
- रोजगारी, शिक्षा र स्वास्थ्यको सहुलियत आदिमा आ-आफ्नो प्रदेशका नागरिकहरूले प्रादेशिक सरकारहरूबाट विनाभेदभाव काम र सेवा पाउने सुनिश्चितता हुनेछ ।
- देश र जनताको दैनिक जीवनसँग गाँसिएका उत्पादनका साधन (कलकारखाना, वनजङ्गल, खेत-खलिहान र पोखरी) र सेवा सामाजिकीकरण र राष्ट्रियकरण गर्ने,
- पेट्रोलियम पदार्थ, ग्यास र खानेपानीजस्ता दैनिक उपभोग्य वस्तुहरू तथा सेवा राष्ट्रियकरण गर्ने,
- जमिन जोत्नेलाई वितरण गर्न क्रान्तिकारी भूमिसुधार लागू गर्ने,
- समतामूलक समाज निर्माणको निम्ति नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्ने,
- नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने,
- राज्यको संरचनामा जनसङ्ख्याको आधारमा मजदुर र किसानको सहभागिता हुने व्यवस्था गर्ने,
- नेपाली सेनाका प्रधानसेनापति र अन्य माथिल्ला पदाधिकारीहरू सम्बन्धित अधिकृतहरूबाट निर्वाचन गर्ने गराउने,
- जनपद र सशस्त्र प्रहरीका महानिरीक्षकहरू र अन्य माथिल्ला पदाधिकारीहरू सम्बन्धित प्रहरी अधिकृतहरूबाट निर्वाचन गर्ने र गराउने,
- विश्वविद्यालयहरूका उपकूलपति, रेक्टर, रजिष्ट्रार र महत्त्वपूर्ण पदाधिकारीहरू सम्बन्धित परिषद्, सिनेट वा प्राध्यापकहरूबाटै निर्वाचन गर्ने र गराउने ।

### ९. नागरिकका कर्तव्यहरु

हरेक नागरिकको देश र जनताप्रति पालना गर्नुपर्ने कर्तव्यहरु:

- हरेक नेपाली नागरिक देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतालाई आँखाको नानीलाई जस्तै जोगाउन कर्तव्यनिष्ठ रहने,

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

मिति : ............................

च. नं.

- आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरुलाई गुप्त र रक्षा मामिलाको सूचना दिने तथा जनताको हितविपरीत काम गर्ने देशद्रोही र जनद्रोहीबारे राज्यलाई सूचना दिने,
- हरेक नागरिकले जातीय, क्षेत्रीय र भाषागत मेलमिलाप र सद्भावनाको निम्ति कार्यरत रहने तथा देशका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिलाई माया र आदर गर्ने,
- देशको भू-अखण्डता र सीमाको सुरक्षाको निम्ति हरेक नागरिक स्वयंसेवक हुन सदा तत्पर रहने,
- स्वदेश र विदेशमा रहने हरेक नेपाली नागरिक आफ्नो देश र जनताको निम्ति आ-आफ्नो क्षेत्र वा बल र वुद्धि मार्फत योगदान दिन तत्पर रहने र
- टुहुरा-टुहुरी, अशक्त, विरामी, बिधवा र ज्येष्ठ नागरिकहरु तथा असहाय नागरिकहरुको सेवामा सहयोग गर्नु सबै नागरिकको कर्तव्य हुने ।

**१०. राजनैतिक र मौलिक अधिकार :**

- नेपाल मजदुर किसान पार्टी हरेक नागरिकलाई मन परेको राजनीतिक दर्शन र राज्य व्यवस्थाको प्रचार प्रसार गर्न पाउने, मन परेको उम्मेदवारलाई मत दिन पाउने, १६ वर्षका बालिगलाई मताधिकार दिनेजस्ता राजनैतिक अधिकारका साथै अन्य मानव अधिकारहरु संविधानमा उल्लेख गराउन चाहन्छ ।

**११. महिलाहरुको हितमा**

- राज्यको प्रत्येक संरचनामा कामदार महिलाको जनसंख्याको अनुपातमा प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ,
- हरेक प्रौढ महिलाहरुलाई अनिवार्य शिक्षासँगै रोजगारको बन्दोवस्त सम्बन्धित प्रदेश, जिल्ला, नगर र गाविसले गर्नेछ,
- महिलाहरुलाई सुत्केरी अगाडि र पछाडि तलब र ज्यालासहितको विदाको बन्दोबस्त गर्नेछ,
- बोक्सीको आरोप लगाई महिलालाई पीडा दिने र घरेलु हिंसालाई रोक्न कडा कानुन बनाइनेछ र
- महिलाहरुलाई विदेशमा लगी बेच्ने, म्यानपावर कम्पनीको नाममा ठगी गर्ने र झुटो आश्वासन दिई गलत ठाउँमा विवाह गरीदिने व्यक्तिहरुलाई क्षतिपूर्तिसँगै कडा सजायको बन्दोवस्त गरिनेछ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

मिति : ..............................

च. नं.

**१२. राजनीतिक दल**

- निर्वाचनमा प्राप्त गरेको मतको आधारमा राजनीतिक दलको मान्यतासम्बन्धि कुनै शर्त राखेर कानुन बनाउने छैन ।

**१३. देशलाई नयाँ उपनिवेशबाट जोगाउन :**

- भूमण्डलीकरण, निजीकरण र नवउदारवादको नाममा साम्राज्यवादी देशहरुले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमार्फत सांस्कृतिक, आर्थिक र राजनैतिक हस्तक्षेपको बाटो खोल्दैछन् ।
- देशलाई नवउपनिवेशबाट जोगाउन विदेशी सहयोग गैरसरकारी संस्थाहरुमार्फत होइन सरकारमार्फत आउने व्यवस्था गर्नु आवश्यक छ ।

**१४. विविध**

- उत्पादनका मुख्य मुख्य साधन राष्ट्रियकरण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमा निर्धारण गर्ने, शोषण गर्न नपाउने, व्यक्तित्व विकासमा समान अवसर दिने आदि व्यवस्थासहितको समाजवादमा जानेबारे जनमत संग्रह गर्नेछ ।

नारायणमान बिजुक्छें
१२ असोज २०६९

नारायणमान बिजुक्छें (रोहित)
अध्यक्ष, नेमकिपा
सदस्य, संविधानसभा (व्यवस्थापिका-संसद)

कुमार खड्का
संविधान सभा सदस्य
(Kumar Khadka)
Constituent Assembly Member

कुमार खड्का
अध्यक्ष अखण्ड नेपाल पार्टी
(Kumar Khadka)
President, Akhanda Nepal Party

श्रीमान् सभापतिज्यू ,

मिति :– २०७१।६।१३

संवैधानिक – राजनैतिक संवाद तथा सहमति समिति

काठमाडौं ।

बिषय : – **फरक मत सम्बन्धमा ।**

२०६२ – ६३ को महान जन आन्दोलन मार्फत जनताको अभूतपूर्व संलग्नता र शहादतको फलस्वरुप हामी नयां नेपाल निर्माणको पथमा अग्रसर छौं । नयां नेपालको निर्माणको आधार हाम्रो र राम्रो संविधानको आशा र अपेक्षा गरिरहेका छन् परिवर्तनकामी नेपाली जनताले दोश्रो संविधान सभासंग । संविधान निर्माणको लागि संविधान सभाले गठन गरेको सबै भन्दा महत्वपूर्ण समिति संवैधानिक् – राजनैतिक संवाद तथा सहमती समिति ले बिभिन्न बैठकमा छलफल गरी निर्णय गरेको निम्नलिखित निर्णयहरु प्रति समितिको सदस्यको हैसियतले बैठकमा आफ्नो असहमती राख्दै आएको कुराबाट सभापतिज्यू विदितै हुनुहुन्छ । मेरो असहमती हुंदाहुंदै पनि भएको निर्णय प्रति आलोचना गर्दै असहमती स्वरुप नोट अफ डिसेन्ट प्रस्तुत गरेको छु ।

१. नेपाल धर्म निरपेक्ष राष्ट्र हुनेछ भन्ने निर्णय प्रति असहमती जाहेर गर्दै नेपालमा ८१ प्रतिशत भन्दा बढी हिन्दुहरुको बसोबास रहेको र हिन्दु धर्म बसुधैव कुटुम्बकमको सिद्धान्तबाट चल्ने भएकोले देशमा मानिने सम्पूर्ण धर्महरु प्रति सम्मान गर्दै सबैलाई आफुले रोजेको धर्म मान्ने स्वतन्त्रता प्रदान गर्दै, धर्म मानेको आधारमा कुनै पनि नागरिकलाई भेदभाव नगरी नेपाललाई धर्म निरपेक्षको साटो सनातन हिन्दु धर्म सापेक्ष राष्ट्र घोषणा गरियोस् ।२. नेपालमा ७ वटा संवैधानिक आयोगको निर्माण हुंदा यस देशको प्रमुख आदिबासी खस – आर्यहरुको नाममा समेत खस – आर्य आयोग गठन गरियोस् ।

३. समानुपातिक समावेशी केही हदसम्म स्वीकार्न सकिन्छ तर संवैधानिक आयोगमा नियुक्ती गर्दा वा थोरै सदस्यीय समितिहरुमा पनि यही सिद्धान्त उपयुक्त नभएको हुंदा असहमती जाहेर गर्दछु ।

४. गैर आवसीय नेपाली नागरिकता बारे गरिएको निर्णयमा असहमती जाहेर गर्दै एक पटक नेपाली नागरिकताको प्रमाण–पत्र पाइसकेका कुनै पनि नागरिकले सार्क मुलुक बाहेकको कुनै पनि, (दोहोरो नागरिकताको व्यवस्था भएको ) राष्ट्रको नागरिकता लिएमा नेपाली नागरिकता त्याग्न नपर्ने व्यवस्था गर्नु पर्दछ । एक पटकको नेपाली सधैंको नेपाली को नारालाई आत्मासात गर्दै गैर आवसीय नेपालीहरुलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक अधिकार सहितको नागरिकता प्रदान गरिनु पर्दछ ।

मा. कुमार खड्का

सदस्य संबैधानिक – राजनैतिक संवाद तथा सहमती समिति

E-mail:- khadkakumar@hotmail.com
Ph No. 01-4284095, Fax. 01-4284198
Mob. 9856021043

## संविधान सभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिबाट तत्कालीन व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको असहमतिका प्रावधानमा देहाय अनुरुप गर्ने गरी सर्वसम्मत निर्णय भई टुंगेका तथा असहमति समेतका विषयहरुमा राष्ट्रिय जनमोर्चाको फरक मत

१. प्रस्तुत सहमति र असहमतिका बुदाहरु मध्ये केन्द्रीय, प्रादेशिक वा कुनै पनि स्तरमा संघीय व्यवस्था सम्बन्धी सम्पूर्ण व्यवस्थालाई हामीले विरोध गर्दछौं । त्यसकारण हामीहरुले ती वेग्लावेग्लै बूंदाहरुमा त्यस सम्बन्धी कुनै मत प्रकट गर्नेपट्टि लाग्ने छैनौं ।

२. प्रतिनिधि सभाको चुनावमा महिला र दलितहरुका लागि त्यो समुदायका उम्मेदवारहरु मात्र हुने गरि केही आरक्षित निर्वाचन क्षेत्रहरु छुट्याउनु पर्दछ । त्यस प्रकारका निर्वाचन क्षेत्रहरुको संख्या कानूनमा तोकिए अनुसार हुनु पर्नेछ ।

३. राष्टिय सभाको गठन गर्दा तल लेखिए अनुसारको हाम्रो भिन्न मत छ :

क) राष्टिय सभाका लागि प्रत्येक प्रदेशबाट सदस्यहरु निर्वाचित गर्ने प्रणालीलाई हामीले गलत मान्दछौं र विरोध गर्दछौं ।

ख) प्रतिनिधि सभाका सदस्यहरुबाट एकल संक्रमणीय मतको आधारमा सदस्यहरु निर्वाचित गरिनु पर्दछ ।

ग) राष्टिय सभाका लागि प्रतिनिधि सभाबाट महिला, जाती, भाषिक आदिबाट सदस्यहरु चुन्ने प्रणालीको सट्टामा बुंदा नं. २ (४)को (ग) मा उल्लेख गरिएका १० जना सहित जम्मा २३ जनालाई मन्त्रिमण्डलको सिफारिशमा मनोनित गर्ने व्यवस्था गरिनु पर्दछ ।

(घ) स्थानीय निकायको प्रादेशिक समितिहरुबाट २/२ जना सदस्यहरुलाई राष्टिय सभामा निर्वाचित गर्ने व्यवस्था गरिनु पर्दछ ।

स्पष्टिकरण- स्थानीय निकायका प्रादेशिक, जिल्ला र गाउं समेत गरि ३ तह हुनेछन् । तिनीहरुमध्ये प्रादेशिक समितिहरुबाट २/२ जना सदस्यहरु राष्टिय सभामा निर्वाचित गर्ने व्यवस्था गरिनु पर्दछ । यसरी बन्ने प्रादेशिक समितिहरु संघीय व्यवस्था अन्तर्गतका नभएर एकात्मक प्रणाली अनुसार गठन हुने स्थानीय निकाय अन्तर्गतका नै हुनेछन् ।

४. सर्वोच्च अदालत भन्दा वेग्लै संवैधानिक अदालतको प्रणालीलाई हामीले गलत मान्दछौं र त्यस सम्बन्धी सबै अवधारणाहरुलाई हामीले विरोध गर्दछौं ।

५. प्रधानमन्त्रीका विरुद्ध सुरुमा निर्वाचित भएको १ वर्षभित्र वा अविश्वासको प्रस्ताव असफल भएको १ वर्ष भित्र अविश्वासको कुनै मत राख्न नपाइने व्यवस्थाका ठाउमा हामीले ६ महिनाको अवधि हुनु पर्दछ भन्ने हाम्रो प्रस्ताव छ ।

६.वैज्ञानिक भूमिसुधारको प्रयोजनको लागि भूमिहीन किसान तथा सुकुम्वासीहरुलाई वितरण गर्न हदभन्दा बढी जमीन विना क्षतिपूर्ति अधिग्रहण गर्ने व्यवस्था गरिनु पर्दछ ।

७. आदिवासी र जनजातिहरुको वैज्ञानिक मापदण्डका आधारमा सूचि तयार पारिनु पर्दछ ।

८. १०/१० वर्ष मुनि जनगणनापछि मानव सुचकांकका आधारमा पिछडिएका जात-जातिहरुको सूचि तयार पारि उनीहरुका हक र हितको विशेष संरक्षण र संवर्द्धन गर्ने व्यवस्था गर्नु पर्दछ ।

९. विगतका आन्दोलनहरुको उल्लेख गर्दा सबै शान्तिपूर्ण र सशस्त्र आन्दोलनहरु भनेर मात्र उल्लेख गरिनु पर्दछ ।

१०. प्राकृतिक सम्पदालाई राष्टिय र स्थानीय महत्वका २ वेग्लावेग्लै भागहरुमा विभाजन गरी राष्टिय महत्वका प्राकृतिक सम्पदामा राज्यको र स्थानीय महत्वका प्राकृतिक सम्पदामा स्थानीय जनसमुदायको अग्राधिकार हुने व्यवस्था हुनु पर्दछ ।

११.अंगीकृत नागरिकता प्रदान गर्दा विदेशबाट विवाह गरेर आउने बुहारी तथा छोरीलाई विवाह गर्ने विदेशी ज्वाईंबारे समान व्यवस्था गर्ने कार्यलाई हामीले गलत मान्दछौं र विरोध गर्दछौं ।

१२. आत्म निर्णयको अधिकारको उल्लेख गर्दा पृथकतावादी सोचाइलाई बल पुग्ने भएकोले त्यस प्रकारका सबै अवधारणाहरुलाई हटाइदिनु पर्दछ ।

१३.संविधान संशोधन हुन नसक्ने विषयहरुमा गणतन्त्रलाई पनि सामेल गरिनु पर्दछ ।

१४. संविधान र कानून अनुसार गठन हुने आयोगहरुको पदमा नियुक्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तको साथै योग्यतालाई पनि आधार बनाइनु पर्दछ ।

चित्र बहादुर के.सी.

अध्यक्ष राष्टिय जनमोर्चा तथा सभासद

२०७१-०६-२०

व्यवस्थापिका-संसद सचिवालय